जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ३१ २०८२ साल भदौ ७ गते शनिबार (23 Aug 2025 Saturday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : यसरी हट्न सक्छ... ३ पृष्ठमा : वर्तमान राजनीतिक अवस्था ... ३ पृष्ठमा : भारतमा अनलाइन जुवा ...

# नगरपालिका र संघर्ष समितीबीच दुई बुंदे सहमति पश्चात् आन्दोलन स्थगित

**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

आन्दोलनरत राजविराज नगरवासी पीडित संघर्ष समिती र राजविराज नगरपालिका कार्यालयबीच दुई बुंदे सहमती भएको छ ।

लालपुर्जासहित विभिन्न ८ बुंदे माग अघि सार्दै आन्दोलनरत संघर्ष समिती र राजविराज नगरपालिका बीच दुई बुंदे लिखित सहमति भएसँगै भदौ ७ गते देखी घोषित आन्दोलनका सबै कार्यक्रमहरु तत्कालका लागी स्थगित भएको संघर्ष समितिका संयोजक इरसाद अन्सारीले जानकारी दिएका छन् ।



राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन, योजना अधिकृत मनोज यादव, नगरपालिकाका कानुनी सल्लाहकार शिव कुमार चौधरी, संघर्ष समितीका संयोजक इरसाद अन्सारी, प्रवक्ता अनिल देव, श्याम शर्मा लगायतका पदाधिकारी तथा नेपाल पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देवको उपस्थितीमा भएको सहमतिपत्रमा राजविराज नगरपालिका स्थापना कालदेखी नै बसोवास, भोगचलन र व्यापार व्यवसाय गर्दै आएका नगरवासी अहिलेसम्म लालपुर्जा नपाउँदा आन्दोलनमा उत्रेको विषयलाई नगरपालिका कार्यालयले गम्भीरतापुर्वक लिएको उल्लेख छ ।

विगतमा उक्त जग्गा मालपोत कार्यालयमा लेखत पारित हुने, अदालतबाट हकहस्तान्तरण हुने तथा आर्थिक समस्यामा परेका वेला बैंक तथा वित्तिय संस्थामा सोही जग्गा धितो राखी ऋण कर्जा समेत पाउने गरेकोमा हाल सो सेवा सुविधा रोकिएकाले लालपुर्जाका लागी नगरकार्यपालिकाको निर्णयबाट भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस पत्र पठाउने सहमती पत्रमा उल्लेख छ ।

यस्तै उक्त समस्या समाधानका लागी नगरपालिकाको नेतृत्वमा संघर्ष समिति, राजनीतिक दल तथा सरोकारवाला निकायका प्रतिनीधी सम्मिलीत संयुक्त टोलीले जग्गाधनी प्रमाणपत्र उपलब्धका लागी सक्रिय पहल गर्ने दुवै पक्षद्वारा हस्ताक्षरित सहमती पत्रमा उल्लेख छ ।

कार्यवाहक नगर प्रमुख परवीनले सहमतीको पुर्ण पालना र कार्यान्वयन गराउन आफुले शुक्रबारै देखी आवश्यक पहल थाल्ने बताइन ।

नगरपालिकासंग भएको सहमती कार्यान्वयन हुने विश्वास राखेको भन्दै विगत जस्तै धोखा भए हालका लागी स्थगित गरिएको आन्दोलन पु:न चर्काउने संघर्ष समितका संयोजक अन्सारीको भनाई छ ।

सहमती भए लगत्तै वार्तास्थलमा पुगेका प्रमुख जिल्ला अधिकारी भोला दाहालले खुशी व्यक्त गर्दै लालपुर्जा विहीन हजारौ नगरवासीको चाहनालाइ पुरा गर्न आफुले यस अघि पनि प्रयास गरेको तथा आफु जहाँ गएपनि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए ।

बि.स. २०१६ साल मै स्थापना भएको राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्रका ५ हजार २ सय परिवार अझै लालपुर्जा पाउन सकेका छैनन । जसकारण समस्यामा परेका उनीहरुले संघर्ष समिति नै गठन गरी विगत ५ महिना देखी चरणबद्ध आन्दोलन कार्यक्रम गर्दै आएका छन ।

# सप्तरीप्रति प्रशासकको गलत बुझाई : प्रजिअ दाहाल

**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले प्रशासनिक तप्कामा सप्तरीप्रति रहेको नकारात्मकता सत्य नरहेको बताएका छन् ।

सप्तरीको प्रमुख जिल्ला अधिकारीबाट दोलखाको प्रजिअमा सरुवा भएसँगै शुक्रबार जिल्लाका सञ्चारकर्मीहरूसँग विदाई भेटघाटमा उनले सो कुरा बताएका हुन् ।

आफ्नो नौ महिने सप्तरी बसाईको अनुभूति व्यक्त गर्दै उनले भने, "यहाँका राजनैतिक दलबारे दवाव आउला भने भ्रम बाहिर सुनेका थिए, तर यथार्थमा उहाँहरूबाट अत्यन्तै धेरै सहयोग पाए । सञ्चारकर्मीहरू साथी जस्तो व्यवहार गरेर मेरो हरेक काममा साथ दिनुभयो र समयमा सकारात्मक आलोचना गरेर बाटो देखाउनु भएकोले धन्यवाद ज्ञापन गर्दछु ।"

जिल्लाको शान्ति सुरक्षामा निरन्तरताको अलावा जिल्लाको भौतिक पूर्वाधार, विकासीय संरचना लगायत निर्माणधिन सडक समयमा निर्माण गर्न अनुगमन, किसानको खेत सिंचाई, मलखाद्य वितरणमा सहजिकरण, स्थानीय तहहरूमा हुने गरेका विवाद समाधानमा भूमिका निर्वाह गरेको उनले सुनाए ।

त्यस्तै सिमा क्षेत्रमा हुने गरेका तस्करी, लागुऔषध नियन्त्रण लगायत अवान्छित गतिविधिमा रोक, सीमाका पिलर निरीक्षण र त्यसको सुरक्षा कार्यमा भारतीय प्रशासकसँग समन्व्ययात्मक ढंगले निरन्तर सक्रियताले काम गरेको प्रजिअ दाहालले भने ।

*बाँकी अन्तिम पृष्ठमा*

**"फोर्टी अन्डर ४०" मा होर इ-स्पोर्ट्सका संस्थापक तथा ओनर सञ्जन गौतम सम्मानित**




होर इ-स्पोर्ट्सका संस्थापक तथा ओनर सञ्जन गौतमलाई नेपालमा ई-स्पोर्ट्सको विकास र पहिचानमा पुर्याएको उल्लेखनीय योगदानका लागि अनलाइनखबरले आयोजना गरेको "फोर्टी अन्डर ४०" कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मान गरेका छन् । यो सम्मान ४० वर्षमुनिका विभिन्न क्षेत्रमा प्रेरणादायी योगदान पुर्‍याउने ४० व्यक्तिलाई प्रदान गरिन्छ ।

गौतमको नेतृत्वमा होर इ-स्पोर्ट्सले हालै सम्पन्न पब्जी मोबाइल वर्ल्ड च्याम्पियनसिप (PMWC २०२५) मा नेपालको प्रतिनिधित्व गर्दै नवौं स्थान हासिल गर्‍यो । यससँगै टिमले करिब १ करोड ७८ लाख रुपैयाँ नगद जित्यो, जुन नेपाली ई-स्पोर्ट्स इतिहासकै अहिलेसम्मको ठूलो उपलब्धि हो । यस सफलताले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाएको मात्र होइन, हजारौं युवा गेमरलाई पनि आफ्नो सपनालाई करियर बनाउन प्रेरणा दिएको छ ।

सामान्य गेमरबाट सुरु भएको गौतमको अन्तर्राष्ट्रिय यात्रा आज दृष्टि, समर्पण र धैर्यताको प्रतीक बनेको छ। उनले ई-स्पोर्ट्सलाई युवाका लागि वैध र दिगो करियर बनाउन लामो समयदेखि प्रयास गर्दै आएका छन् । यो सम्मानले नेपालमा ई-स्पोर्ट्सप्रति समाज र सरकारले बढ्दो मान्यता दिएको सन्देश दिएको छ, साथै आगामी दिनमा थप अवसर र लगानीको ढोका खोल्ने अपेक्षा गरिएको छ ।

# गलत सूचना, झुठा समाचार र ब्ल्याकमेल गर्ने प्रवृत्तिप्रति कानुनी प्रावधान आवश्यक छ : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

मधेश प्रदेश गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले केही सञ्चारकर्मीहरूद्वारा गलत सूचना प्रकाशन, झुठा समाचार र ब्ल्याकमेल गर्ने जस्ता प्रवृत्ति बढ्दै गएको भन्दै त्यसलाई नियन्त्रण गर्न कानुनी प्रावधान आवश्यक भएको बताएका छन् ।

राजविराजस्थित मधेश प्रदेश प्रहरी तालिम केन्द्रमा नवनिर्मित आन्तरिक प्रशिक्षण भवनको शुक्रबार उद्घाटन गर्दै मन्त्री

*बाँकी अन्तिम पृष्ठमा*

# यसरी हट्न सक्छ छाउप्रथा

**अमृता अनमोल**
काठमाडौँ, ६ भदौ (रासस)।

अठ्ठाइस वर्षीया कमला दमाईंको गत असार २८ मा छाउ गोठमा सर्पले डसेर मृत्यु भयो। उनी कञ्चनपुरको कृष्णनगरकी कमला छाउ बार्न छिमेकीको छाउ गोठमा सुत्न गएकी थिइन्। कमलाको पक्की घर थियो। तर, छाउ अर्थात् महिनावारीमा घरभित्र बस्दा देउता रिसाउँछन्। कुल पितृले सराप्छन् भन्ने डरले उनी घरमा सुत्न सकिनन्। छाउ अर्थात् महिनावारीमा गोठमा सुत्ने र समस्या भोग्ने कमला जस्ता धेरै महिला छन्।

महिनावारी नितान्त महिलासँग सम्बन्धित विषय हो। महिनावारीको समयमा छोइछिटो बार्दा महिलाले नै समस्या भोगेका छन्। तर, पनि महिलाले नै अपनाएका छन् र अपनाउन सघाइरहेका छन्। सुदूरपश्चिमका ग्रामीण भेगमा महिनावारीमा सुत्न छाउ गोठ नै बनाइएका छन्। बेलाबेलामा सामाजिक अभियन्ताहरूले छाउ गोठ भत्काउँछन्, फेरि स्थानीयले बनाउँछन्। धेरै वर्षदेखि यो सिलसिला चलिरहेको छ। अन्य क्षेत्रमा कतै घरभित्र त कतै बाहिर बसेर छाउ अर्थात् महिनावारीमा छुइप्रथा मानिरहेका छन्। घर बाहिरका छाउ गोठ भत्किए पनि मनभित्र बनेका छाउ गोठ भत्किएका छैनन्। छाउप्रतिको सोच बदलिएका छैनन्। धर्म र परम्पराका नाममा जकडिएर बसेका छन्। यसैले हिन्दू धर्म मान्ने धेरै महिलाहरू आफूलाई समस्यामा राखेर पनि यो वा त्यो नाममा महिनावारीमा छुइ बार्ने र अछूत बन्ने गरिरहेका छन्।

छाउ प्रथाबारे सर्वोच्च अदालतले करिब २० वर्षअघि अर्थात् २०६२ वैशाख १९ गते सरकारका नाममा आदेश नै जारी गरेको थियो। त्यसमा पश्चिम नेपालमा व्याप्त छाउ प्रथालाई कुरीति घोषणा गरी अन्त्य गर्न आवश्यक निर्देशिका बनाई लागू गर्न आदेश दिइएको थियो। तर, छाउ गोठबारे सम्बन्धित निकायले चासो नदिएपछि किशोरीहरू महिनावारीमा छाउ गोठमा बस्ने र ज्यान गुमाउने भइरहयो। यस्तो क्रम बढेपछि २०७६ सालमा गृह मन्त्रालयले छाउ गोठ भत्काउन र छाउको पक्षमा उभिनेलाई कारबाही गर्न नै निर्देशन दिएको थियो। कतिपय स्थानीय तहले छाउ गोठमा बसाल्नु कानुन विपरीत ठहराउँदै त्यस्तालाई राज्यबाट दिने सुविधाबाट पनि वञ्चित गरेका छन्। तर, मानिसका मनमा बसेको छाउ अर्थात् महिनावारीप्रतिको धारणा धेरै फेरिएको छैन।

महिनावारी जैविक प्रक्रिया हो। जुन महिलाको प्रजनन क्षमतासँग सम्बन्धित छ। किशोरी उमेर सुरु भएपछि महिलाको प्रजनन् क्षमता रहँदासम्म महिनावारी कायम रहन्छ। महिनावारी महिलाको प्रजनन् प्रणालीको नियमित चक्र हो। महिनावारीको बेला प्रजननयोग्य अण्डा फुटेर पाठेघरको भित्तामा भएको रगत र तन्तुहरू शरीरबाट बाहिर निस्कने हो। यही प्रक्रियामा निस्कने रगतलाई अशुद्ध मानेर महिनावारीमा छोइछिटो बार्ने चलन सुरु भएको हो। महिनावारी बार्ने चलन हिन्दू धर्मसँग सम्बन्धित छ। त्यो पनि धार्मिक रूपमा शक्तिशाली मानिने हिन्दू धर्मका देवीका बारेमा चर्चा गर्दा उनीहरू महिनावारी भएको चर्चा कतै छैन। लक्ष्मी, सरस्वती, दुर्गालगायतका शक्तिशाली देवी महिनावारी भएको वा त्यस्तो बेला कुनै सभा रोकिएको कतै उल्लेख छैन। मनुस्मृतिमा आएर मात्रै महिनावारीको चर्चा छ। जसमा महिनावारीको समयमा पाँच दिन अलग बस्नुपर्ने र कसैसँगै सुत्न नहुने भनिएको छ। महिनावारीको पाँच दिनसम्म स्नान, जप, हवन वा धार्मिक काम गर्नु हुँदैन भनिएको छ। धर्मशूत्रमा पनि महिनावारीलाई अपवित्र मान्ने, धार्मिक काममा निशेध गर्ने, छोइछिटो गर्ने र अलग्गै बस्नुपर्ने नियम उल्लेख छ।

ऋषिपञ्चमी कथामा महिनावारी नबार्दा महिला आफूले पाउने समस्या मात्र होइन, आफ्ना पति र सन्तानले व्यहोर्नु पर्ने पापबारे उल्लेख गरिएको छ। यसले महिलालाई महिनावारीको समयमा अछुत ठान्दै धार्मिक, सामाजिक र पारिवारिक जीवनबाट अलग बस्नुपर्ने नियममा बाँधेको छ। अशिक्षित मात्र होइन, कतिपय शिक्षित महिलाहरू पनि धर्म नाश हुने डरले छुइप्रथा अपनाइरहेका भेटिन्छन्। गाउँ मात्र होइन, शहरका महिला पनि महिनावारीमा छोइछिटो बारेका हुन्छन्।

पछिल्लो समय प्रश्न उठेको छ, महिलाहरू आफैँलाई पीडा दिँदै र समस्या भोग्दै महिनावारी तथा छाउ किन बार्छन्? यसको सोझो उत्तर हो, अधिकांश महिलाले धर्मलाई आफू र आफ्नो परिवारको रक्षा कवजका रूपमा लिन्छन्। धर्म कथालाई मार्गदर्शन मान्छन्। त्यसको पालना नगरे पाप लाग्छ भन्ने ठान्छन्। धेरैजसो धार्मिक नियम महिलामा केन्द्रीत छन्। तिनका नियम मिचे आफूभन्दा त्यसको पापबाट पति वा सन्तानलाई अशुभ हुने लेखिएको हुन्छ। अधिकांश महिला आफूभन्दा आफ्नो परिवार, पति र सन्तानलाई धेरै माया गर्छन्। आफ्ना कारण आफ्ना प्रियजनलाई केही हुने पो हो कि भन्ने डरले महिलाहरू आफूलाई समस्या भए पनि धार्मिक नियममा बाँधिरहेका हुन्। यही प्रभाव महिनावारीमा पनि देखिएको हो। महिनावारीमा छाउ नबसे वा अछुत व्यवहार नगरे धर्म नासिने र परिवार एवं सन्तानलाई आपत आइलाग्ने डर देखाइएको छ। यही डरले महिलाहरू समस्या भोगेर भए पनि महिनावारी बारी रहेका छन्।

महिलाहरू पुरुषको तुलनामा धेरै भावनात्मक रूपमा संवेदनशील हुन्छन्। यही देखेर होला समाजले पनि सीप र शिक्षायुक्त होइन, धर्म र परम्परा मान्ने महिलालाई असल छोरी, बुहारी, आमा र पत्नीको दर्जा दिने गरेको छ। राम्रो नराम्रो जे भए पनि धार्मिक परम्परा वा संस्कार मान्नेलाई शालिन र आदर्शको महिलाको रूपमा चित्रण गर्ने गरेको छ। जीवनमा आइपर्ने समस्या कर्म गरेर भन्दा भगवान र कुलपितृ पुकारेर र पूजा गरेर समाधानको प्रयास गर्न सिकाएको छ। धर्मपालन गर्नु कर्तव्यका रूपमा सिकाएको छ। यसको प्रभावले महिनावारीमा छुइप्रथा हट्न र छाउ गोठ भत्कन नसकेको हो।

सामान्यतया धर्म भनेको धारण गर्ने कुरा हो। अदृश्य रूपमा धारण गरिएको कुरा धारणा हो। यसले जीवन जीउने कला सिकाउँछ। पुरानो धारणा फेर्न नयाँ धारणा चाहिन्छ। छाउ अर्थात् महिनावारीको सन्दर्भमा कानुन बन्यो तर, धारणा फेर्ने काम गरिएन। यसैले कागजमा कानुन बन्यो दृश्यमा छाउ गोठ भत्किए तर मनका छाउ भत्किएनन्। छाउप्रतिको धारणा फेर्न मानिसमा सामाजिक जागरण चाहिन्छ, उत्प्रेरणा चाहिन्छ। छाउ नबार्दा अनिष्ट हुन्छ भनेर बसेको गहिरो भावना फेर्न केही हुन्न भन्ने बलियो आत्मविश्वास चाहिन्छ। त्यो आत्मविश्वास धार्मिक, सामाजिक र राजनीतिक रूपमा अगाडि बढेका व्यक्तिले देखाउनुपर्छ। समयअनुसार धार्मिक व्याख्या गरिनुपर्छ। समयअनुसार सामाजिक चेतना प्रवाह र आत्म जागरणका कार्यक्रम गरिनुपर्छ। त्यसमा राजनीतिक सामाजिक र धार्मिक अगुवा चुकेका छन्।

प्रथा वा परम्परा कुनै व्यक्ति, क्षेत्र वा समुदायका संस्कार हुन्। तर, जुन प्रथा वा परम्पराले समाजमा विकृति ल्याउँछ। अधिकांशको अहित हुन्छ। सामाजिक भेद्भाव ल्याउँछ। त्यस्तो प्रथा वा परम्परा कुप्रथा हो। यसलाई बचाउने होइन त्याग्नुपर्छ। राज्य अभिभावक हो। सरकार नागरिकको सारथी हो। यसैले छाउप्रथा कुप्रथा हटाउन सरकारले अभिभावकीय भूमिका खेल्नुपर्छ। कानुनी, धार्मिक र सामाजिक जागरणका काममा सरकार अगाडि लाग्नुपर्छ। त्यसमा तीन तहकै सरकार चुकेका छन्। भौतिक पूर्वाधार बलियो बनाउन खटेका सरकार अब कुरीति फेर्न नागरिकको मन बलियो बनाउने अभियानमा जुट्नुपर्छ। लामो समयदेखि मनमा बसेको छाउप्रतिको डर हटाउन नागरिक अभियान चलाउनुपर्छ। निडर अभियन्ता खोज्नुपर्छ। अभियानमा छाउप्रथा नमान्ने सामाजिक, धार्मिक र राजनीतिक खटाउनुपर्छ। ताकि तिनलाई हेरेर र देखेर सर्वसाधारण महिलाले मनको छाउगोठ भत्काउन सकून्, महिनावारीमा छोइछिटो त्याग्न सकून्। महिनावारी नबार्दा अनिष्ट हुने डरले समस्या भोगेकाले केही हुन्न भन्ने आत्मविश्वास भर्न सकून्। यो काम जहिलेबाट सुरु हुन्छ छाउगोठ र महिनावारीमा छुइप्रथा व्यवहारमै हराउने छ। छाउप्रथा वा महिनावारी कुप्रथाको मारमा परेका महिलाले उन्मुक्ति पाउनेछन्।

# बालबालिका लागि बिनियोजित बजेट सम्बन्धि समिक्षा बैठक सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ।**

स्थानिय तह संग आर्थिक वर्ष २०८१/०८२ मा बालबालिका लागि बिनियोजित बजेट सम्बन्धि यहाँ समिक्षा बैठक सम्पन्न गरिएको छ।

सेभ द चिल्ड्रेन/सबल नेपालको सिडा-नागरिक सबलिकरणको आर्थिक तथा प्राबिधिक सहयोगमा जिल्ला समन्वय समितिले सुक्रबार राजविराजमा आयोजना गरेको बालबालिका लागि बिनियोजित बजेट सम्बन्धि यहाँ समिक्षा बैठकमा जिल्लाको १८ वटै पालिकाको २०८१/०८२ मा बालबालिकाहरुको बारेमा बजेट बिनियोजित संडकलन गर्नु, मधेस प्रदेशका बालबालिका ऐन सम्बन्धि सचेतना दिनु,एक आपसमा सिकाई अदान-प्रदान गर्नु लगायतका उदेश्यमा छलफल भएको हो।

जिल्ला समन्वय समितिका सभापति शिवनारायण साहको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रदेश बाल ऐन, आर्थिक वर्ष २०८१/०८२ मा बालबालिकामा बिनियोजित योजना १८ वटै पालिकाका प्रतिनिधिहरुले प्रतिवेदन बुझाइएको छ।

त्यस्तै कार्यक्रममा अर्न्तसम्वादमा समेत आयोजना गरिएको छ। सो क्रममा सेभ द चिल्ड्रेनका बरिष्ट कार्यक्रम संयोजक मकर वहादुर सार्की, जिससका सभापति शिवनारायण साह, खडक नगरपालिकाका नि.प्रमुख प्रशासकिय अधिकृत रमाकान्त चौधरी, सप्तकोशी नगरपालिकाका उपप्रमुख रिता चौधरी, जिल्ला बाल संजालका अध्यक्ष शिवशंकर मण्डल थिए।

सो अवसरमा बालबालिकाहरुको लागि नगरपालिका तथा गाउँपालिकाले बजेट छुटयाउनु पर्ने बालक्लबका भाई बहिनीहरुले आफ्नो अधिकारका लागि पालिकाहरुलाई समयमा ध्यान पुऱ्याउनुपर्ने जस्ता सम्वाद भएको थियो।

उक्त अवसरमा जिल्ला समन्वय समितिका उपप्रमुख शम्भु प्रसाद यादवले जिल्लाको सबै पालिकाले बालबालिकामा बजेट छुटयाउनुपर्नेमा जोड दिए। उनले बाबालिकाको भबिष्यका लागि उनीहरुको अधिकार हनन नगरि उनीहरुलाई खेलकुद, सिकाई सामग्री, पढाईलेखाईमा रुचि राखिने तथा बालबालिकाहरुका लागि आउने बजेट उनीहरु मै लगाउनुपर्नेमा धरणा ब्यक्त गरे।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०५/०४

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ३७ कारी गोपको नाममा कायम रहेका साबिक प्रगन्ना जगदर मौजे बरही नानकरकट्टी सा.कि.नं. २१२९ को ज.वि. ०-८-१३, ऐ.ऐ. सा.कि.न. २१३० को ज.वि. ०-१-१०, ऐ.ऐ. सा.कि.नं. १९५९ को ज.वि. ०-८-४ मध्ये ०-३-४.५ र रैती न. ५४ सिताराम गोपको नाममा कायम रहेका ऐ.ऐ. सा.कि.न. २१०३ को ज.वि. ०-५-७ मध्ये ०-४-१०, ऐ.ऐ. सा.कि.नं. २१०४ को ज.वि. ०-०-१८ मिति २०२७/१०/२८ मा ऋणी कारी यादवबाट धनी देव नारायण यादवले खरिद गरी र.नं.२०२२ मिति २०३२/१२/१९ मा पारित गराई २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स श्रीपुर जबदी वडा नं.७ हाल कोशी गा.पा. वडा नं. ५ बस्ने परमेश्वर यादवको बुहारी देव नारायण यादवको पत्नी बुलन्ती देवी यादवको यस कार्यालयमा द.नं. २७४७६ मिति २०८२/०१/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०५/०४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २१२९<br>२१३०<br>१९५९<br>२१०३<br>२१०४ | कारी गोप<br>कारी गोप<br>कारी गोप<br>सिताराम गोप<br>सिताराम गोप | बरहि बिरपुर | ५क<br>५क<br>५क | ४१०<br>२४२/८००<br>३७४ | ०-९-१८<br>०-१-१८<br>०-५-६ | बुलन्ती देवी यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा बादी देव नारायण र प्रतिबादी कारी यादबको अदालतमा झगडा जनिएको। |

प्रमुख मालपोत अधिकृत

# वर्तमान राजनीतिक अवस्था आर्थिक दिवालियापनको स्थितिमा पुगेको राष्ट्रिय मुक्ति पार्टीको ठहर

**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

राष्ट्रिय मुक्ति पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठकले नेपालको वर्तमान राजनीतिक अवस्था गहिरो संकट, सांस्कृतिक विघटन र आर्थिक दिवालियापनको स्थितिमा पुगेको ठहर गरेको छ ।

पार्टीका अध्यक्ष राजेन्द्र महतोको अध्यक्षतामा सात दिन सम्म चलेको उक्त बैठकपछि शुक्रबार जारि विज्ञप्तिमा २०७२ को संविधानले गोर्खाली औपनिवेशिक मानसिकतालाई कानूनी रूप दिएर मधेशी-थारु, आदिवासी, मुस्लिम, दलित लगायतलाई राज्यबाट बहिष्कृत गरेको जनाइएको छ ।

विज्ञप्तिमा हालको प्रधानमन्त्री केपी ओलीको नेतृत्वमा रहेको एमाले-कांग्रेस गठबन्धन सरकारले सत्ता केन्द्रीकरण, भ्रष्टाचार र निरंकुशता लाई बढावा दिँदै मुकुम्लुङ (ताप्लेजुङ)मा दमन, लालु यादव (सप्तरी) जस्ता उपर गोली प्रहार गरी राज्य आतंक समेत सृजना गरेको उल्लेख छ ।

पार्टीले सबै उत्पीडित समुदायहरू (मधेशी, थारू, लिम्बु, खम्बु, तामाङ, मगर, तमु, खस, नेवाः, दलित, मुस्लिम, पिछडावर्ग लगायत आदिवासी) लाई एकताबद्ध गरी बहुल-राष्ट्रिय राज्य निर्माणको एजेन्डा अगाडि बढाएको विज्ञप्तिमा जनाइएको छ ।

सोही विज्ञप्तिमा पार्टीले २०८२ मा राष्ट्रव्यापी जनआन्दोलन सुरु गर्ने, सहकारी अर्थतन्त्र बढावा दिने र अन्तर्राष्ट्रिय समुदाय (संयुक्त राष्ट्रसंघ, अधिकारवादी संगठनहरू) संग समन्वय गर्ने योजना बनाएको उल्लेख छ ।

हालै देशको विभिन्न भूभागमा आएको बाढी पहिरोको कारण भएको क्षतिको तत्काल राहत उपलब्ध गराउन तथा दीर्घकालीन समस्याको समाधान खोज्न, तराई मधेशको विभिन्न क्षेत्रमा भएको सुखाग्रस्त अवस्थाको अन्त्य गर्न मरुभूमिकरण हुनबाट बचाउन तथा खानेपानी अभावको समाधान, किसानलाई मल खादको सहज उपलब्धता, मुक्कुमलुंगमा केवलकार निर्माणकार्य पूर्णतया रोक्न, धार्केको सडक विस्तार सम्बन्धि समस्याको समाधान र सप्तरीको राजविराजमा लामो समयदेखि जारी बिटौरी सम्बन्धि जग्गाको समस्या तत्काल समाधान गर्न बैठकले सरकारसंग माग समेत गरेको छ ।

काठमाडौंमा रहेका मधेशीहरुको सम्मान स्वाभिमान संरक्षणको निम्ति उनीहरुलाई संगठित गर्न "स्वनिगः मधेश समन्वय समिति" गठन गर्ने निर्णय गरेको तथा बिभिन्न जिल्लाको छुट्टाछुट्टै समन्वय मंचहरु गठन गर्ने गरी कौशल कुमार सिंह (प्रभारी), कौशलेन्द्र शर्मा (सहप्रभारी), राम प्रवेश साह (सदस्य) लाई जिम्मेवारी तोकिएको विज्ञप्तिमा उल्लेख छ ।

सोही बैठकले पार्टीले भादौ ८ गतेदेखि असोज २२ गतेसम्म स्वदेशवाद, बहुलराष्ट्रवाद र सामुदायिक समाजवादको मार्गनिर्देशन सिद्धान्त बमोजिम संगठन विस्तार अभियान संचालन गर्ने र पार्टीको विचार सिद्धान्तलाई जन समक्ष पुऱ्याउने कार्यको निमित्त पहिलो चरणमा निम्न ४० जिल्लाहरुमा प्रभारी/सह-प्रभारी खटाउने निर्णय पनि गरेको छ ।

जसअनुसार सप्तरीमा केशव झा (प्रभारी), गजेन्द्र कुमार मण्डल (सहप्रभारी), मोरङमा चन्द्र प्रसाद राजवंशी (प्रभारी), सुनसरीमा संतोष मेहता (प्रभारी), प्रोफेसर कुन्जीलाल यादव (सहप्रभारी), सिरहामा अनिल कुमार सिंह (प्रभारी), धनुषामा डा. राजिव झा (प्रभारी), संजय चौधरी (सहप्रभारी), महोत्तरीमा रमण पाण्डेय (प्रभारी), सर्लाहीमा राम नरेश राय (प्रभारी), मो. हुसेन खान (सहप्रभारी), गौरीनारायण साह (सहप्रभारी), रौतहटमा जयलाल साह (प्रभारी), मो. शेख मंजिर (सहप्रभारी), बारामा अनिल महासेठ (प्रभारी) र पर्सामा नेजामुद्दिन समानी (प्रभारी) तोकिएको छ ।

# मिडियाका नाममा देखिएका अराजकताको नियमन गर्न सामाजिक सञ्जालसम्बन्धी विधेयक : मन्त्री गुरुङ

गण्डकी, ६ भदौ (रासस) ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मिडियाका नाममा देखिएका अराजकताको नियमन गर्न सरकारले सामाजिक सञ्जाल प्रयोग सञ्चालन र नियमन गर्ने विधेयक ल्याउन लागेको बताउनुभएको छ ।

प्रेस चौतारी नेपाल कास्कीद्वारा शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा उहाँले सरकारले ल्याउन लागेको उक्त विधेयकका सम्बन्धमा भ्रम छर्न खोजिएको बताउनुभयो । मन्त्री गुरुङले भन्नुभयो,"यो विधेयक नियन्त्रण गर्न नभई नियमनका लागि ल्याउन लागिएको हो । यो सरकार लोकतान्त्रिक सरकारको हो । यसलाई लोकतान्त्रिक मूल्य मान्यतालाई कुण्ठित गर्ने गरी काम गर्ने छुट छैन ।"

राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय एकताविरोधी कुनै पनि गतिविधि सह्य नहुने भन्दै उहाँले 'साइबर क्राइम'को नियन्त्रण गर्नु अपरिहार्य रहेकाले कानुनी आधार निर्माण गर्न ऐन ल्याउन लागिएको स्पष्ट पार्नुभयो । मन्त्री गुरुङले स्पष्ट कानुन नहुँदा विद्युतीय अपराध नियन्त्रण चुनौतीपूर्ण बनेको र नौ-दश महिनाकै अवधिमा साइबर क्राइमसम्बन्धी १९ हजारभन्दा बढी उजुरीहरु प्रहरीमा आएको पाइएको जानकारी दिनुभयो ।

यसैगरी उहाँले प्रेस काउन्सिल विधेयकलाई प्रतिस्थापन गर्न मिडिया

*बाँकी अन्तिम पृष्ठमा*

# डेङ्गी संक्रमण बढ्दै

काठमाडौं, ६ भदौ (रासस) ।

डेङ्गीको सङ्क्रमण ७४ जिल्लामा फैलिएको छ । पानी पर्न थालेपछि डेङ्गी सङ्क्रमण पनि बढ्न थालेको छ ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालका अनुसार तीन हजार २४७ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । पछिल्लो एक हप्तामा २११ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । यसैगरी, डेङ्गी सङ्क्रमणबाट दुई जनाको निधन भएको छ ।

कोशी प्रदेशमा ५६८, मधेस प्रदेशमा ६२, बाग्मती प्रदेशमा ६७५, गण्डकी प्रदेशमा ९१४, लुम्बिनी प्रदेशमा ५५१, कर्णाली प्रदेशमा ९३ र सुदूरपश्चिम प्रदेशमा ३८४ जनामा डेङ्गी सङ्क्रमण देखिएको प्रमुख डा दाहालले जानकारी दिनुभयो । पानी पर्ने क्रम जारी रहेकाले सर्वसाधारणलाई सतर्कता अपनाउन समेत उहाँले आग्रह गर्नुभयो ।

पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि त्यसले टोकेपछि डेङ्गी रोग लाग्दछ । डेङ्गी रोकथामका लागि सरकारले प्रत्येक शुक्रबार लामखुट्टे खोज र नष्ट अभियान सञ्चालन गरेको छ ।

सन् २०२४ मा डेङ्गी सङ्क्रमण ७६ जिल्लामा फैलिएको थियो भने यसबाट १५ जनाको मृत्यु हुनुका साथै ४१ हजार ८६५ जना सङ्क्रमित भएका थिए ।

---

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज**

मिति :-२०८२/०४/२८

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं. ५ दिनेश झाको नाममा कायम रहेका साविक प्रगन्ना पकरिया मौजे मौआहा सा.कि.नं. ९७३ को ज.वि. ०-७-१२ मध्ये ०-२-२.५, सा.कि.नं. ९६९ को ज.वि. ०-४-७ मध्ये ०-१-५, सा.कि.नं. ६१४ को ज.वि. २-१४-१४ मध्ये ०-१३-९ हाल नापसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. मौवाहा वडा नं.१ हाल बलान बिहुल गा.पा. वडा नं. ३ बस्ने गणेश झाको नाती/बुहारी राजेन्द्र झाको पत्नी शुसिला देवी झा-१, नागेन्द्र झाको बुहारी दयानन्द झाको पत्नी नुतन देवी झा-१ समेत २ को यस कार्यालयमा द.नं. २११२४ मिति २०८१/०२/०२ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०४/२८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९७३ | दिनेश झा | मौवाहा | १ | ६ | ०-२-२.५ | सुशिला देवी झा | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा पं मौवाहा वाड नं.१ बस्ने नागेन्द्र झाको नम्बरी हो, कि.नं. ६१ को जोताहा महलमा बोन मंडल धानुक जनिएको। |
| ९६९ | | | २ | ४५ | ०-१-५ | नुतन देवी झा | |
| ६१४ | | | ७ | ६१ | ०-१३-९ | | |

मुकेन्द्र राई
प्रमुख मालपोत अधिकृत

---

# विश्व समाचार

## भारतमा अनलाइन जुवा प्रतिबन्ध, संसदबाट ऐतिहासिक कानुन पारित

नयाँ दिल्ली, ६ भदौ (रासस/एएफपी) ।

भारतको संसदले व्यापक असर पार्नेगरी अनलाइन जुवालाई पूर्णरूपमा प्रतिबन्ध गर्ने कानुन पारित गरेको छ । यो निर्णय सरकारले सार्वजनिक गरेका तथ्याङ्कपछि आएको हो, जसअनुसार देशभर करिब ४५ करोड मानिसले अनलाइन जुवा खेलेर प्रत्येक वर्ष कूल २.३ अर्ब अमेरिकी डलर गुमाउँदै आएका छन् । नयाँ कानुनले तास खेल, पोकर र फ्यान्टासी खेलजस्ता अनलाइन प्लेटफर्महरू प्रतिबन्धित गरेको छ, जसमा भारतमै निकै लोकप्रिय रहेको फ्यान्टासी क्रिकेटसमेत पर्छ ।

'अनलाइन गेमिङ प्रवर्द्धन तथा नियमन विधेयक' नामको यो कानुन बिहीबार साँझ संसदको दुवै सदनबाट पारित भएको हो । अबदेखि यस्तो जुवा खेल, यसको प्रचार वा वित्तीय लगानी गरेमा पाँच वर्षसम्म कैद सजाय हुनसक्नेछ । सरकारद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "यो कानुनले झूटो आशामा प्रयोगकर्तालाई फसाउने, लत लाग्ने, आर्थिक बर्बादी र सामाजिक संकट निम्त्याउने अनलाइन जुवा प्लेटफर्महरू नियन्त्रण गर्ने उद्देश्य राखेको छ ।"

भारतको गेमिङ उद्योग विश्वकै ठूलो बजारमध्ये एक हो, तर नयाँ कानुनले ई-स्पोर्ट्स र शैक्षिक खेलहरूलाई भने छुट दिएको छ । सरकारले यस्ता सकारात्मक खेलहरूलाई डिजिटल अर्थतन्त्रको अंगका रूपमा प्रवर्द्धन गर्ने बताएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो,"नयाँ कानुनले ई-स्पोर्ट्स र सामाजिक खेलहरूलाई प्रोत्साहन गर्नेछ, तर समाजलाई अनलाइन जुवाका नकारात्मक असरबाट बचाउनेछ ।"

उद्योगसम्बद्ध संघसंस्थाहरूले भने पूर्ण प्रतिबन्धको सट्टा नियमन र कर प्रणालीमार्फत समाधान खोज्न सुझाव दिएका थिए, किनकि प्रतिबन्धले प्रयोगकर्तालाई अवैध विदेशी प्लेटफर्मतर्फ धकेल्न सक्छ भन्ने चिन्ता उनीहरूको थियो । तर विधेयक समर्थकहरूका अनुसार सामाजिक मूल्य, मानसिक स्वास्थ्य र आर्थिक क्षतिको कारणले पूर्ण प्रतिबन्ध आवश्यक भएको हो । अधिकारीहरूले अनलाइन जुवाको तीव्र विस्तारले आर्थिक संकट, मानसिक लत र आत्महत्यासम्म निम्त्याएको जनाएका छन् ।

सरकारका अनुसार यस्ता प्लेटफर्महरूलाई ठगी, अवैध पैसाको कारोबार र आतङ्कवादको वित्तीय स्रोतसँग पनि जोडिएको पाइएको छ । प्रविधिमन्त्री अश्विनी वैष्णवले भन्नुभयो, "नयाँ कानुनले पैसा खेलिने जुवा र सामाजिक खेलबीच स्पष्ट भेद गर्छ । यसले प्रतिस्पर्धात्मक ई-स्पोर्ट्स र सुरक्षित शैक्षिक तथा सामाजिक डिजिटल खेलहरूलाई प्रोत्साहन गर्छ ।" सरकारी जानकारीपत्रमा भनिएको छ, "यो कानुनले निर्माणात्मक डिजिटल मनोरञ्जन र ठगीपूर्ण, झुटा नाफा देखाएर प्रयोगकर्तालाई फसाउने अनलाइन जुवा र फ्यान्टासी खेलहरूबीच स्पष्ट छुट्ट्याएको छ ।"

## गाजा सहर नष्ट हुन सक्छ : इजरायली रक्षामन्त्री

गाजा पट्टी, ६ भदौ (रासस/एपी) ।

इजरायलका रक्षामन्त्री इजरायल काट्जले शुक्रबार हमासले इजरायलको सर्तहरू स्वीकार नगरे गाजा सहर पूर्ण रूपमा नष्ट हुनसक्ने चेतावनी दिनुभएको छ । उहाँका अनुसार देशले यस क्षेत्रमा थप ठूलो आक्रमणको तयारी गरिरहेको छ । प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले गाजा सहर कब्जा गर्न सेनालाई ठूलो कारबाहीको अनुमति दिएको भोलिपल्ट, रक्षामन्त्री काट्जले गाजाको सबैभन्दा ठूलो सहर पनि 'रफाह र बेत हानुन' जस्तै भग्नावशेष बन्न सक्ने चेतावनी दिनुभयो । यी दुवै स्थान युद्धको सुरुमा नै ध्वस्त भएका थिए ।

"हमासका हत्यारा र बलात्कारीहरूले युद्ध अन्त्यका लागि इजरायलका सर्तहरू स्वीकार नगरेसम्म गाजामा उनीहरूको टाउकोमा नरकको ढोका चाँडै खुल्नेछ", काट्जले एक्समा लेख्नुभयो । उहाँले युद्धविरामका लागि इजरायलले राखेको माग सबै बन्धकहरूको रिहाइ र हमासको पूर्ण निःशस्त्रीकरणलाई दोहोर्‍याउनुभयो । तर हमासले भने बन्धकहरूलाई युद्ध अन्त्यको सर्तमा मात्र छोड्ने जनाएको छ र प्यालेस्टिनी राज्य गठनबिनै निःशस्त्रीकरण अस्वीकार गरेको छ । गाजा सहरमा ठूलो स्तरको अपरेसन केही दिनमै सुरु हुनसक्ने अनुमान छ ।

गाजा सहर हमासको प्रमुख सैन्य र प्रशासनिक गढ मानिन्छ । यहाँ इजरायलको विश्वास अनुसार व्यापक भूमिगत टनेल नेटवर्क छ । यस क्षेत्रमा अझै पनि लाखौं नागरिक बसोबास गर्छन् र केही महत्त्वपूर्ण पूर्वाधार तथा स्वास्थ्य सुविधा बाँकी छन् । हमासले यसै हप्ता अरब मध्यस्थकर्ताहरूको युद्धविराम प्रस्ताव मान्ने जनाएको थियो । यदि इजरायलले उक्त प्रस्ताव स्वीकृत गऱ्यो भने आक्रमण रोक्न सक्ने सम्भावना छ । तर पक्षहरूले प्रत्यक्ष वार्ता नगरेका कारण यस्ता घोषणा अघिल्ला पटकजस्तै असफल हुने आशङ्का पनि छ ।

प्रस्तावले बन्धक-कैदी आदानप्रदान, इजरायली सेनाको चरणबद्ध फिर्ता र दीर्घकालीन युद्धविरामका लागि निरन्तर वार्ता गर्ने योजना समावेश गरेको छ । तर यसअघि नेतान्याहुको गठबन्धनभित्रै विभाजन र दक्षिणपन्थी कडा दबाबका कारण त्यस्तै सम्झौता असफल भएको थियो । सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वका लडाकूहरूले गरेको आक्रमणपछि अझै जीवित रहेका करिब २० जना बन्धकलाई यस पटकको आक्रमणले खतरा बढाउने इजरायलीहरूको डर छ । सहायता संस्था र अन्तर्राष्ट्रिय नेताहरूले गाजाको मानवीय सङ्कट अझ गहिरिन सक्ने चेतावनी दिएका छन् ।

निकासी गर्ने नागरिकहरूको व्यवस्थापन अत्यन्त कठिन हुने अपेक्षा गरिएको छ । गाजामा कतै पनि सुरक्षित नभएकाले धेरै बासिन्दाले बारम्बार विस्थापन व्यर्थ भएको बताएका छन् । चिकित्सा समूहहरूले बिरामीलाई आवश्यक सुविधान नभएको दक्षिणतर्फ सार्ने इजरायलको आग्रह व्यवहारमा असम्भव भएको भन्दै चेतावनी दिएका छन् ।

तर नेतान्याहुले यो आक्रमण नै बन्धकहरूलाई मुक्त गर्ने र हमासलाई कमजोर पार्ने एक मात्र निश्चित उपाय भएको तर्क गर्नुभएको छ । "यी दुई कुरा– हमासलाई पराजित गर्नु र हाम्रा सबै बन्धकलाई मुक्त गर्नु– सँगै अघि बढ्छन्", नेतान्याहुले बिहीबार दक्षिणी इजरायल नजिकैको कमाण्ड सेन्टर भ्रमणका क्रममा भन्नुभयो ।

# हाम्रो संस्कृति र पहिरणले विश्वमा पहिचान बनाएको छ : न्यायाधिश ज्ञवाली



**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

कार्यक्रमका प्रमुख अतिथी उच्च अदालत जनकपुर राजविराज इजलासका वरिष्ठतम् न्यायाधीश बामदेव ज्ञवालीले हाम्रो संस्कृति र पहिरणले हाम्रो पहिचानलाई विश्वमा नै चिनाउन सफल भएको बताएका छन् ।

जिल्लाका महिला कानुन व्यावसायीले राजविराज उच्च अदालत बार एशोसिएशन राजविराजमा शुक्रबार आयोजना गरेको तिज तथा जितियाको अवसरमा शुभकामना आदानप्रदान तथा दर कार्यक्रममा कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

उनले भने, "तिज लगायत पर्वले सामाजिक सद्भाव र सस्तित्वलाई ग्रहण मात्र गरेको छैन, सोचमा समेत परिवर्तन गर्न सफल भएकोले हामीले नेपालीले हाम्रो संस्कृतिमा गौरब गर्नुपर्छ ।"

उच्च अदालत जनकपुर राजविराज इजलास तथा जिल्ला अदालतका न्यायाधीश, महिला कर्मचारी तथा अधिवक्ताहरूले तिजको अवसरमा शुभकामना आदानप्रदान गरेर सामुहिक रूपमा दर खाएका छन् ।

कार्यक्रममा सप्तरी जिल्ला अदालतका न्यायाधीश दिपक कुमार दाहाल, उच्च अदालतका न्यायाधीश सरला मोक्तान,सरला कुमारी पाण्डे,लगायतले तिज तथा जितिया कार्यक्रमको शुभकामना दिएका थिए ।

कार्यक्रम जितियाको बिषयमा अनार चौधरी तथा तिजको विषयमा अवकाश प्राप्त शिक्षिका मंजु श्रेष्ठ जानकारी गराएका थिए ।

# नेपाल शिक्षक महासंघद्वारा आन्दोलनका कार्यक्रम सार्वजनिक

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ भदौ ।**

शिक्षा विधेयकमा आफूहरूका माग सम्बोधन नभएको भन्दै नेपाल शिक्षक महासंघले असन्तुष्टि जनाउँदै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ ।

महासंघले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गरी यही भदौ ९ गते प्रधानमन्त्री, शिक्षामन्त्री र राजनीतिक दलका प्रमुख सचेतकलाई ध्यानाकर्षण पत्र बुझाउने महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले जानकारी दिएका छन् ।

त्यस्तै भदौ ११ गतेदेखि २० गतेसम्म केन्द्रमा सबै राजनीतिक पार्टीका कार्यालयमा ध्यानाकर्षण पत्र बुझाउने र कम्तीमा २ घण्टा प्रतिनिधिमूलक धर्ना दिने भएको छ । भदौ १३ गते सबै पालिकामा र भदौ १५ गते सबै जिल्लाका समन्वय एकाइमा ध्यानाकर्षण पत्र बुझाउने र २ घण्टा धर्ना दिने महासंघले जनाएको छ ।

त्यसपछि भदौ २१ गते अर्को चरणको आन्दोलनका कार्यक्रम सार्वजनिक गरिने महासंघले चेतावनी दिएको छ । सरकारसँग यसअघि भएको सहमति अनुसार आफ्ना माग पूरा नभएको अध्यक्ष सुवेदीले दाबी गरे ।

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले शिक्षा विधेयक हिजो बहुमतले पारित गरेको थियो ।

# श्रोत नखुलेको १४ लाख नगदसहित दुईजना पक्राउ

**दैनिक समाचारदाता**
**वीरगन्ज, ६ भदौ ।**

वीरगन्जबाट श्रोत नखुलेको १४ लाख भन्दा बढी नगदसहित दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका वडा नं. २ निवासी संजयकुमार साह र बारा महागढीमाई नगरपालिका निवासी शनिकुमार ठाकुर छन् ।

विशेष सूचनाको आधारमा चेकजाँच चलाउँदा १४ लाख १३ हजार ५ सय रुपैयाँसहित उनीहरूलाई पक्राउ गरिएको पर्साका प्रहरी प्रमुख गौतम मिश्रले बताए ।

उनका अनुसार प्रहरीलाई स्रोत नखुलेको रकम बोकेर दुई जना आइरहेको सूचना आएको थियो, सोही बमोजिम मोटरसाइकल रोकेर जाँच गर्दा उक्त रुपैयाँ फेला परेको हो ।

मोटरसाइकलमा फल्स सिलिङ बनाइ लुकाइछिपाइ ल्याउँदै गरेको एक हजार दरका दश लाख र ५ सय दरका ४ लाख १३ हजार रुपैयाँ फेला परेको प्रहरीको भनाई छ ।

उनीहरूको साथबाट प्रहरीले बीआर०५एबी७७६१ र प्रदेश २-०३-००२प.५५४४ नम्बरको दुईवटा मोटरसाइकलसमेत बरामद गरेको छ ।

हुन्डी रकमसहित पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी कार्यालय पर्सामा राखेर आवश्यक अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुई जनामाथि शुक्रबारै म्याद थपको प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

## *मिडियाका नाममा ...*

काउन्सिल विधेयक ल्याउन लागेको बताउँदै यस विधेयकले सबै किसिमका मिडियालाई नियमन गर्ने बताउनुभयो । यसअघि प्रेस काउन्सिल विधेयक आउँदा 'अनलाइन'हरूको विकास भइनसकेको अवस्थामा यस विधेयकले सबै किसिमका मिडियाको नियमन गर्ने मन्त्री गुरुङको भनाइ थियो । "सञ्चार क्षेत्र सम्बन्धित पुराना कानुनको परिमार्जनसँगै आवश्यक नयाँ सबै किसिमका कानुन ल्याउन लागिरहेका छौँ", उहाँले भन्नुभयो ।

## *गलत सूचना, ...*

लेखीले सो कुरा बताएका हुन् ।

प्रदेश सरकारका प्रवक्ता समेत रहेका मन्त्री लेखीले सञ्चार क्षेत्रमा देखा परेका अव्यवस्था अन्त्य गर्न चाँडै नै सञ्चार ऐन ल्याउने प्रदेश सरकारको तयारी रहेको जानकारी समेत दिए ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री लेखीले मुलुकमा गरिबी, बेरोजगारी र सीमित स्रोतसाधनका बीच सुरक्षा निकायले आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरिरहेकोमा धन्यवाद समेत दिए ।

प्रदेश सरकारको ३ करोड २३ लाख २२ हजार २ सय ७ रुँपैया ९४ पैसाको लागतमा प्रहरी तालिम केन्द्रको आन्तरीक प्रशिक्षण भवन निर्माण भएको हो । निर्माण भएको भवनमा दुई सय प्रशिक्षार्थिले एकै पटक प्रशिक्षणमा सहभागी हुन सक्ने मधेश प्रदेश प्रहरी कार्यालय भौतिक पूर्वाधार शाखाले जनाएको छ ।

कार्यक्रममा मधेश प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुर्वेदी, तालिम केन्द्र प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भिमबहादुर दाहाल, सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालसहित विभिन्न सरकारी कार्यालय प्रमुख, राजनीतिक दलका प्रतिनिधि तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

# 'आम सञ्चार सम्बन्धी विधेयक' प्रेस स्वतन्त्रतामाथि आघात : महासंघ

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ भदौ ।**

नेपाल पत्रकार महासंघले कोशी प्रदेश सरकारले ल्याएको 'आम सञ्चार सम्बन्धी विधेयक' प्रेस स्वतन्त्रतामाथि आघात गर्ने खालको भएको भन्दै गम्भीर ध्यानाकर्षण गराएको छ ।

महासंघका अनुसार 'कोशी प्रदेश आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१' ले सञ्चारमाध्यमलाई डेढ लाख रुपैयाँसम्म जरिवाना र इजाजत पत्र खारेज गर्ने जस्ता कठोर प्रावधानहरू समेटेको छ । उक्त विधेयक प्रदेश सभाको न्याय प्रशासन तथा विधायन समितिबाट पारित भई अघि बढेको छ ।


महासंघ कोशी प्रदेश समितिले सो कदमलाई 'लोकतान्त्रिक प्रक्रियाको अवमूल्यन र बलपूर्वक कठोर कानुन ल्याउने प्रयास' भन्दै आपत्ति जनाउँदै आएको छ । महासंघले संविधान विपरीत सञ्चारमाध्यमको दर्ता खारेजजस्ता निरङ्कुश प्रावधान सच्याउन माग गर्दै, नसच्याए प्रतिरोधमा उत्रिने चेतावनी दिएको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालले विज्ञप्तिमार्फत भनेका छन्, 'प्रेस स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड, नेपालको संविधान र प्रेसले उपभोग गरिरहेको स्वतन्त्रता सङ्कुचन नहुने गरी मात्र कानुन निर्माण गर्नुपर्छ । बलपूर्वक विधेयक पारित गरिए महासंघ आन्दोलनमा उत्रन बाध्य हुनेछ ।'

## *सप्तरीप्रति ...*

प्रदेशमा जिल्लाकै मुख्यमन्त्री हुँदा मनोवैज्ञानिक वल पुगेको अनुभूति रहेको उनले सुनाउँदै प्रजिअको रूपमा सप्तरीलाई तालिम केन्द्रको रूपमा लिएर मैले थप विज्ञता हासिल गरेर गइरहेको उनले बताए ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*